# नेपाल खाद्य संस्थानको
# हवाईमार्गबाट खाद्यवस्तु ढुवानी सम्वन्धी गोप्य शिलवन्दी
## बोलपत्र आव्हानको सूचना
### प्रथम पटक प्रकाशित २०७५।०३।२६ गते

आर्थिक वर्ष २०७५।०७६ को लागि नेपालगंज/सुर्खेत देखि हुम्ला सदरमुकाम सम्म हवाईमार्गबाट खाद्यवस्तु ढुवानीको काम गर्नु पर्ने भएकोले हाल संचालनमा रहेका इच्छुक हवाई सेवा कम्पनी/कार्गो एजेन्सीबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रहने गरी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

(१) संस्थानको तल तोकिएको कार्यालयबाट पछि फिर्ता नहुने गरी सूचनामा तोकिए बमोजिम तोकिएको मूल्य तिरी बोलपत्र फाराम, बोलपत्रदाताले पालना गर्नु पर्ने शर्तहरु, सूचना र सम्झौता पत्रको नमूना संलग्न गरिएको कागजात सेट मिति २०७५।०४।२३ गते कार्यालय समय भित्रमा प्राप्त गर्न सकिने छ र सोही बोलपत्र फाराम भरी सूचनामा तोकिएको स्थान/कार्यालयमा पेश गर्नु वा विद्युतीय माध्यमवाट पठाउनु पर्ने छ ।

(२) विद्युतीय माध्यमवाट वोलपत्र पेश गर्न चाहने वोलपत्र दाताले www.bolpatra.gov.np मार्फत माथि निर्धारित समय भित्र बिद्युतीय माध्यमवाट छापिएको वोलपत्र कागजातहरुको hardcopy खरिद गरी वा वोलपत्र कागजात Download गरी, निर्देशन कागजातमा उल्लेख भए अनुसारका कागजात साथ वोलपत्र पेश गर्नु पर्ने छ । वोलपत्र कागजात Download गरी विद्युतीय माध्यमवाट बोलपत्र पेश गर्न चाहने वोलपत्रदाताले कार्यालयको खातामा वोलपत्रको दस्तुर जम्मा गरी जम्मा गरेको भौचर Scanning गरी Scanned प्रति विद्युतीय वोलपत्र साथ पेश गर्नु पर्ने छ । बोलपत्र खोलेको मितिले ७ दिन भित्र हार्ड कपि र सक्कलै कागजातहरु कार्यालयमा बुझाउनु पर्ने छ ।

(३) एउटै बोलपत्रदाताले एक वा सो भन्दा बढी सेक्टरहरुमा बोलपत्र पेश गर्न चाहेमा बेग्ला बेग्लै बोलपत्र फाराम भरी पेश गर्नु पर्नेछ र तोकिए बमोजिमको बेग्ला बेग्लै धरौटी राख्नु पर्नेछ ।

(४) बोलपत्रदाताले बोलपत्रसाथ तोकिए बमोजिमको धरौटी रकम संस्थानको प्रधान कार्यालयको बैंक खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा संस्थानमा नगद जम्मा गरेको नगदी रसिद बोलपत्रसाथ पेश गर्नु पर्नेछ । बोलपत्र साथ धरौटी वापत छुट्टै रकम राख्न अनिवार्य भएकोले बोलपत्रदाताले संस्थानसंग लिन बांकी कुनै पनि रकमलाई धरौटीमा समाबेश गरी पाउं भनी निबेदन दिएमा सो लाई मान्यता दिइने छैन । बोलपत्रदाताले धरौटी वापत बैंक जमानी राख्न चाहेमा बोलपत्र पेश गरेको मितिले कम्तिमा ६ (छ) महिना अवधिको **"क"** बर्गको बाणिज्य बैंकको जमानीपत्र राख्नु पर्नेछ । वोलपत्र स्वीकृत भएपछि स्वीकृत बोलपत्रदाताले लाग्न जाने ढुवानी भाडाको ५% (पांच) प्रतिशत रकम धरौटी बापत नगद जम्मा गरी वा सो बराबरको **"क"** बर्गको बाणिज्य बैंकले यस संस्थानको सम्बन्धित कार्यालयको नाममा जारी गरेको सम्झौता अवधि भन्दा कम्तिमा ६ (छ) महिना बढी अवधि रहेको बैंक जमानी पत्र (Performance Bond ) पेश गर्नु पर्नेछ । बोलपत्र स्विकृतीको जानकारी पाएको १५ दिन भित्र सम्झौता गर्न नआएमा बोलपत्र साथ पेश गरेको धरौटी जफत हुनेछ ।

(५) बोलपत्र साथ बोलपत्रदाता हवाई सेवा कम्पनी/कार्गो एजेन्सीले फर्म वा कम्पनी रजिष्ट्रेशनको प्रमाणपत्र, बायु सेवाको हकमा संचालन अनुमतिको प्रमाणपत्र, स्थायी लेखा नम्बर, कर क्लियरेन्स पत्र समेतको प्रतिलिपी र घोषणा पत्र संलग्न गर्नु पर्नेछ र बोलपत्रको खाम बाहिर ((**खाद्यबस्तु हवाई ढुवानीको बोलपत्र**) भन्ने उल्लेख हुनाका साथै ढुवानी सेक्टर समेत प्रष्ट उल्लेख गरी बोलपत्रदाताको पुरा नाम थर ठेगाना स्पष्ट लेखिएको हुनु पर्दछ ।

(६) एयरलाइन्स वा मान्यता प्राप्त कार्गो एजेन्सीले बिगतमा हवाई साधन मार्फत काम काज सम्पन्न गरेको कागजात पेश गरी बोलपत्र खरिद गर्न सकिने छ । सो बाहेक अन्यको बोलपत्र प्राप्त भएमा मान्यता दिइने छैन ।

(७) बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले रित पूर्वक सहि छाप तथा शिलबन्दी गरी बोलपत्रदाता आफैले वा आफ्नो अधिकृत प्रतिनिधि मार्फत वा हुलाक वा कुरियर मार्फत यो सूचना प्रकाशित मितिले

८ औं दिन मिति २०७५।०४।२४ गते दिनको १२.०० बजे भित्र संस्थानको प्रधान कार्यालय खरिद एकाईमा बोलपत्र बुझाई सक्नु पर्नेछ ।

(८) संस्थानमा बुझाएको बोलपत्र, बोलपत्रदाता वा निजको प्रतिनिधि समेतको उपस्थितिमा बोलपत्र बुझाउने अन्तिम दिन मिति २०७५।०४।२४ गते अपरान्ह २.०० बजे खरिद एकाई प्रधान कार्यालयमा बोलपत्र खोलिने छ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएतापनि वोलपत्र खोल्ने कार्यमा कुनै वाधा हुने छैन

(९) बोलपत्र खरिद गर्ने वा पेश गर्ने अन्तिम दिन बिदा परेमा सो को भोलिपल्ट सम्म म्याद कायम रहने छ र सोहि अनुरुप बोलपत्र खरिद गर्ने, पेश गर्ने र खोलिने दिन एक दिन पछि सर्नेछ ।

(१०) यो सुचना संस्थानको अञ्चल कार्यालय नेपालगन्ज र शाखा कार्यालय सुर्खेतको सूचना पाटीमा तथा **Website :- www.bolpatra.gov.np** मा समेत हेर्न सकिनेछ । अन्य कुराहरु बुझ्नु परेमा सम्वन्धित कार्यालयहरुमा सम्पर्क राखी बुझ्न सकिने छ ।

(११) यो सूचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरीद ऐन २०६३, सार्वजनिक खरीद नियमावली २०६४ र संस्थानको विनियम अनुसार हुनेछ ।

**खाद्यान्न ढुवानी गर्नु पर्ने सेक्टर, अनुमानित खाद्यान्न परिमाण, बोलपत्र दस्तुर र धरौटी रकम निम्न अनुसार रहेको छ ।**

| क्र.सं | खाद्यान्न ढुवानी गर्नु पर्ने सेक्टर | | बोलपत्र खरिद गर्ने अन्तिम मिति, समय र कार्यालय | बोलपत्र दाखिला गर्ने र खोल्ने अन्तिम मिति, समय र कार्यालय | ढुवानी गरिने अनुमानित परिमाण क्वी. | बोलपत्र दस्तुर रु | धरौटी रकम रु |
|---|---|---|---|---|---|---|---|
| | देखि | सम्म | | | | | |
| १ | नेपालगन्ज हवाई मैदान | हुम्ला सिमिकोट हवाई मैदान | २०७५।०४।२३ कार्यालय समय भित्र, खरिद एकाई प्रधान कार्यालय काठमाडौं/ अञ्चल कार्यालय नेपालगंज | २०७५।०४।२४ गते १२:०० वजे सम्म खरिद एकाई प्रधान कार्यालयमा दाखिला गर्ने तथा सोही मितिमा दिउँसो २:०० वजे खोलिने छ । | ४००० | ५०००/- | १३,०८,७२०/- |
| २ | सुर्खेत हवाई मैदान | हुम्ला सिमिकोट हवाई मैदान | २०७५।०४।२३ कार्यालय समय भित्र, खरिद एकाई प्रधान कार्यालय काठमाडौं/ शाखा कार्यालय सुर्खेत | २०७५।०४।२४ गते १२:०० वजे सम्म खरिद एकाई प्रधान कार्यालयमा दाखिला गर्ने तथा सोही मितिमा दिउँसो २:०० वजे खोलिने छ । | ८४०० | ५०००/- | २५,१३,७००/- |

**खरिद एकाई**
**नेपाल खाद्य संस्थान**
**प्रधान कार्यालय, काठमाडौं ।**
**फोन नं. ०१-४२५५८६५**